# नेपाल पर्यटन बोर्ड नियमावली, २०५५

नेपाल पर्यटन वोर्ड (पहिलो सशोधन) नियमावली    सशोधन मिति :२०६३।८।२६

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल पर्यटन बोर्डले नेपाल सरकारको स्वीकृति लिई देहायको नियमहरू वनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम 'नेपाल पर्यटन बोर्ड नियमावली, २०५५' रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "ऐन" भन्नाले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) "पर्यटन व्यवसायी " भन्नाले पर्यटन व्यवसाय संचालन गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ग) "सेवा शुल्क" भन्नाले बोर्डले पर्यटक तथा पर्यटन व्यवसायीसंग नियम वमोजिम लिन पाउने सेवा शुल्क सम्झनु पर्दछ ।

## परिच्छेद - २
## सेवा शुल्क सम्बन्धी व्यवस्था

३. सेवा शुल्क : बोर्डले ऐनको दफा ७ वमोजिम पर्यटक तथा पर्यटन व्यवसायीसंग लिने सेवा शुल्क देहाय वमोजिम हुनेछ :

(क) बोर्डले पर्यटकलाई प्रदान गर्ने सेवा वापत समितिले निर्धारण गरे वमोजिम सेवाको सेवा शुल्क ।

(ख) समितिले तोकेको पर्यटन व्यवसाय संचालन गर्ने पर्यटन व्यवसायीलाई प्रत्येक पर्यटकले भुक्तानी गरेको कूल रकमको दुई प्रतिशतले हुन आउने सेवा शुल्क ।

(ग) बोर्डले कुनै पर्यटक वा पर्यटन व्यवसायीलाई कुनै विशेष प्रकारको परामर्श वा सेवा प्रदान गरेको रहेछ भने त्यस्तो परामर्श वा सेवा प्रदान गरे वापत समितिले निर्धारण गरे वमोजिमको सेवा शुल्क ।

४. सेवा शुल्क लिने : बोर्डले पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान गरेको परामर्श तथा सेवा वापत सम्बन्धित पर्यटक तथा पर्यटन व्यवसायीसँग सेवा शुल्क लिन सक्नेछ ।

तर बोर्डले कुनै परामर्श तथा सेवामा सेवा शुल्क नलिने गरी तोक्न सक्नेछ ।

५. सेवा शुल्क उठाउन प्रतिनिधि तोक्न सक्ने : (१) बोर्डले पर्यटन व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायलाई सेवा शुल्क उठाउनको लागि आफ्नो प्रतिनिधि तोक्न वा अन्य कुनै तरिका अपनाई सेवा शुल्क उठाउन सक्नेछ ।

(२) समितिले आवश्यक देखेमा समितिले निर्धारण गरे बमोजिमको प्रक्रिया अपनाई बोर्डले पर्यटकवाट सोझै शुल्क उठाउन सक्नेछ ।

६. कोषमा दाखिला गर्ने : (१) पर्यटकसंग उठाएको सेवा शुल्क रकम बोर्डको कोषमा दाखिला गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित पर्यटन व्यवसायी वा बोर्डवाट अधिकार प्राप्त व्यक्ति वा निकायको हुनेछ ।

(२) बोर्डले नियम ५ को उपनियम (१) बमोजिम सेवा शुल्क उठाउन पर्यटन व्यवसायीलाई आफ्नो प्रतिनिधि नियुक्त गरेको अवस्थामा उपनियम (१) वमोजिम पर्यटन व्यवसायीले सेवा शुल्क वापत उठेको रकम बोर्डको कोषमा दाखिला गर्दा आफ्नो तर्फवाट बोर्डलाई वुझाउनु पर्ने रकम समेत हिसाव गरी बोर्डको कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) बोर्डले नियम ५ वमोजिम सेवा शुल्क उठाउनको आफ्नो प्रतिनिधि तोकेको पर्यटन व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायले सेवा शुल्कवाट उठेको रकम बोर्डको कोषमा दाखिला गरेपछि सो को जानकारी बोर्डलाई लिखित रुपमा दिनु पर्नेछ ।

(४) उपनियम (१) र (२) बाहेक पर्यटन तथा पर्यटक व्यवसायीहरूसंग सेवा शुल्क उठाउने र त्यस्तो रकम बोर्डको कोषमा दाखिला गर्ने सम्बन्धी अन्य कार्यविधि समितिले तोके वमोजिम हुनेछ ।

७. दाखिला नगर्ने उपर कारवाही हुने : (१) सेवा शुल्क उठाई बोर्डको कोषमा दाखिला गर्नु पर्ने कर्तव्य भएको पर्यटन व्यवसायी वा कुनै व्यक्ति वा निकायले सेवा शुल्क नउठाएमा वा उठाएर पनि बोर्डको कोषमा दाखिला नगरेमा त्यस्तो पर्यटन व्यवसायी वा कुनै व्यक्ति वा निकायसँग सेवा शुल्क वापतको रकम असुल गर्न बोर्डले आवश्यक कारवाही चलाउन सक्नेछ ।

(२) कुनै पर्यटन व्यवसायीले सेवा शुल्क नउठाएमा वा उठाएर पनि बोर्डको कोषमा दाखिला नगरेको पाइएमा बोर्डले त्यस्तो पर्यटन व्यवसायीको अनुमति पत्र निलम्वन वा खारेज गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(३) उपनियम (२) वमोजिम लेखि आएको अवस्थामा नेपाल सरकारको सम्बन्धित निकायले पनि सम्बन्धित पर्यटन व्यवसायीलाई बोर्डलाई हुन गएको हानी नोक्सानी वापतको रकम तिर्न लगाउने छ र सम्बन्धित पर्यटन व्यवसायीले बोर्डलाई हुन गएको हानी नोक्सानी वापतको रकम नवुझाएमा नेपाल सरकारले त्यस्तो पर्यटन व्यवसायीको अनुमतिपत्र कुनै निश्चित अवधिको लागि निलम्वन गर्न वा रद्द गर्न सक्नेछ ।

(४) पर्यटन व्यवसायीको कारणवाट बोर्डलाई हुन गएको हानी नोक्सानी वापत सम्बन्धित पर्यटन व्यवसायीवाट बोर्डले मुनासिव माफिकको क्षतिपूर्ति भराउन सक्नेछ ।

## परिच्छेद -३
## कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

८. कार्यकारी प्रमुखको छनौट प्रक्रिया : (१) कार्यकारी प्रमुखको नियक्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गरी सिफारिश गर्न समितिले ऐनको दफा ९ को उपदफा (२) को खण्ड (छ) वमोजिम मनोनित भएका सदस्यहरू मध्येवाट तीन जनाको एक छनौट उपसमितिको गठन गर्नेछ ।

(२) उपनियम (१) वमोजिम गठीत छनौट उप समितिले सार्वजनिक रुपमा दरखास्त आव्हान गरी ऐनको दफा १४ को उपदफा (१) वमोजिम योग्यता पुगेका व्यक्तिहरूको सूचि तयार गरी सूचिमा नाम समावेश भएका व्यक्तिहरू मध्येवाट पर्यटन क्षेत्रमा विशेष योग्यता तालिम तथा अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्ये तीनजना उम्मेदवारको नाम कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि समिति समक्ष सिफारिश गर्नु पर्नेछ ।

९. कार्यकारी प्रमुखको नियुक्ति : (१) नियम ८ को उपनियम (२) वमोजिम समिति समक्ष सिफारिश गरिएका व्यक्तिहरू मध्ये समितिले उपयुक्त देखेको व्यक्तिलाई बोर्डको कार्यकारी प्रमुखको पदमा नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) वमोजिम कार्यकारी प्रमुखमा नियुक्त भएको व्यक्ति कुनै सरकारी, गैरसरकारी वा अन्य कुनै व्यवसायमा संलग्न रहेको भए निजले त्यस्तो सेवा वा व्यवसायवाट अवकाश लिनु पर्नेछ । र यसरी अवकाश नलिएमा त्यस्तो नियुक्ति स्वत वदर हुनेछ ।

१०. कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा र सेवाहरूको शर्तहरू : कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू विनियममा व्यवस्था भए वमोजिम हुनेछ ।

११. कार्यकारी प्रमुखको कार्य सम्पादन मुल्याङकन : (१) समितिले प्रत्येक वर्ष कार्यकारी प्रमुखको कार्य सम्पादन मुल्यांकन गर्नेछ ।

(२) उपनियम (१) वमोजिम गरिने कार्य सम्पादन मुल्यांकनको आधार समितिले तोके वमोजिम हुनेछ ।

१२. कार्यकारी प्रमुखलाई पदवाट हटाउँदा अपनाउने पर्ने प्रकृया : (१) कार्यकारी प्रमुखले ऐनको दफा १४ को उपदफा (४) अनुरुप कार्य सम्पादन नगरेमा समितिले सो कुराको जाँचवुझ गर्न समितिको सदस्य समेत रहेको एक तीन सदस्यीय जाँचवुझ उप-समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जाँचवुझ उप-समितिले जाँचवुझको सिलसिलामा कार्यकारी प्रमुख तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई आफू समक्ष उपस्थित गराई आवश्यक सोधपुछ गर्न, वयान लिन तथा आवश्यक कागजात तथा प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(३) जाँचवुझ उप-समितिले जाँचवुझको कार्य समाप्त भएपछि आफ्नो राय सहित जाँचवुझको प्रतिवेदन समितिलाई वुझाउनु पर्नेछ ।

(४) उपनियम (३) वमोजिम जाँचवुझ उप-समितिले पेश गरेको जाँचवुझको प्रतिवेदनवाट कार्यकारी प्रमुखले बोर्डलाई हानी नोक्सानी पुऱ्याई बोर्डको हित विपरित हुने गरी कुनै काम कारवाही गरेको वा समितिको नीति निर्देशन अनुरुप कार्य सम्पादन नगरेको देखिएमा समितिले कार्यकारी प्रमुखलाई स्पष्टीकरण पेश गर्न कारण र आधार खोली मनासिव माफिकको समय दिई सूचना दिनु पर्नेछ । सो म्याद भित्र कार्यकारी प्रमुखले कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा समितिले कार्यकारी प्रमुखलाई पदवाट हटाउन सक्नेछ ।

(५) यस नियम वमोजिम कार्यकारी प्रमुख उपर लागेको आरोपको जाँचवुझ गर्न जाँचवुझ उप- समिति गठन भएपछि जाँचवुझको काम नसकिएसम्म कार्यकारी प्रमुखले पदीय कर्तव्य पालन गरेमा बोर्डको हित विपरित हुने भन्ने कुरा समितिलाई लागेमा समितिले कार्यकारी प्रमुखलाई पदीय काम कारोवार गर्नवाट रोक लगाउन वा निलम्वन गर्न सक्नेछ ।

(६) कार्यकारी प्रमुखले जानी जानी बोर्डलाई हानी नोक्सानी पुऱ्याएको कुरा प्रमाणित भएमा निजवाट त्यस्तो हानी नोक्सानी असूल उपर गर्न बोर्डले आवश्यक कारवाही चलाउनु पर्नेछ ।

१३. कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार : ऐनको दफा १५ मा उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) ऐन, यस नियमावली र विनियम वमोजिम बोर्डको आर्थिक, प्रशासनिक तथा अन्य कामहरू गर्ने ।
(ख) बोर्डको तर्फवाट नेपाल सरकार, स्वदेशी तथा विदेशी व्यक्ति र निकायहरूसँग सम्पर्क अधिकारीको हैसियतले कार्य गर्ने ।
(ग) बोर्डवाट स्वीकृत दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको क्रममा आवश्यक अनुगमन तथा मुल्यांकन गर्ने गराउने ।
(घ) खण्ड (ग) वमोजिम योजना तथा कार्यक्रमहरूको कार्यान्वर्यन, अनुगमन र मूल्यांकनको क्रममा देखा परेका नीतिगत समस्याको समाधानको लागि आवश्यक सुझावहरू समेत तयार गरि स्वीकृतिको लागि बोर्डमा पेश गर्ने ।
(ङ) अध्यक्षसँग परामर्श गरी समितिको वैठकमा पेश गरिने कार्यसूचि तयार गर्ने ।
(च) समितिले गरेका प्रत्येक निर्णयहरूको अभिलेख लगायत बोर्डले गर्न प्रत्येक काम, कारोवारसँग सम्बन्धित कागजातहरू अद्यावधिक गरी सुरक्षित राख्न लगाउने ।
(छ) अध्यक्ष तथा समितिले दिएका निर्देशनहरू पालन गर्ने, गराउने ।
(ज) बोर्डको चल, अचल सम्पत्तिको सुरक्षा तथा आवश्यक प्रवन्ध गर्ने ।
(झ) बोर्डले निर्धारण गरेका अन्य काम कारवाही गर्ने ।

## परिच्छेद ४
## विविध

१४. बोर्डको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूको दैनिक तथा भ्रमण भत्ता : (१) बोर्डको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूले बोर्डको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा विनियममा तोकिए वमोजिमको दैनिक तथा भ्रमण भत्ता, लुगा भत्ता र अन्य खर्च पाउनेछन् ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भएतापनि ऐनको दफा (९) उपदफा (२) को खण्ड (छ) वमोजिम बोर्डमा प्रतिनिधित्व गर्ने सदस्यले यस्तो भत्ता र खर्च लिन पाउने छैनन् ।

* तर कार्यकारी समिति (वोर्ड) को वैठकमा सहभागी हुन आउने सदस्यले वोर्डको बैठक हुने दिन र सहभागी हुन आएको दिन समेत एक वोर्ड बैठकमा वढीमा २(दुई) दिन वरावरको भ्रमण भत्ता र होटलको खर्च पाउनेछ । कार्यकारी समितिका सदस्यहरूले पाउने यस्तो भत्ता तथा होटल खर्च नेपाल पर्यटन वोर्डको आर्थिक विनियम, २०५५ बमोजिम कार्यकारी प्रमुखले पाए सरह हुनेछ ।

१५. बोर्डको संगठन तालीका र कार्य विभाजन : बोर्डको संगठन तालीका र पदाधिकारीहरूको कार्य विभाजन समितिले तोकिदिए वमोजिम हुनेछ ।

१६. प्रशासकीय आदेश दिने अधिकारी : (१) यस नियमावली वमोजिम दिन पाउने प्रशासकीय आदेशहरू कार्यकारी प्रमुख वा निजले अख्तियार दिएको बोर्डको कुनै अधिकृत कर्मचारीले दिनेछ ।

(२) उपनियम (१) वमोजिम दिइएको आदेश प्रमाणित गर्ने अधिकार बोर्डको अधिकृत स्तरको कर्मचारीलाई हुनेछ ।

१७. निर्णयको अभिलेख राख्नुपर्ने : (१) सदस्य-सचिवले समितिको प्रत्येक वैठकमा भएको निर्णयहरूलाई निर्णय पुस्तिकामा लेखी सदस्यहरूको सही गराउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम गरिएका निर्णयहरू मध्ये कुनै निर्णयमा चित्त नवुझ्ने सदस्यले छोटकरीमा निर्णय पुस्तिकामा कैफियत जनाई सही गर्न सक्नेछ ।

१८. निर्णयको प्रतिलिपि उपलव्ध गराउनु पर्ने : सदस्य-सचिवले समितिको वैठकको निर्णयको प्रतिलिपि सवै सदस्यहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

१९. वार्षिक प्रतिवेदन पेश गर्ने : कार्यकारी प्रमुखले ऐनको दफा २१ वमोजिम वार्षिक प्रतिवेदन पेश गर्दा कार्यक्रम, लागत, कार्य प्रगति र भविष्यमा गरिने सुधार समेत खुलाउनु पर्नेछ ।

२०. शपथ ग्रहण : नेपाल सरकारका तर्फवाट प्रतिनिधित्व गर्ने सदस्य वाहेक समितिका अन्य सदस्य, कार्यकारी प्रमुख तथा बोर्डको प्रत्येक कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अघि अनुसूचि १ मा उल्लेख भए वमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. निरीक्षण तथा जाँचवुझ : (१) समितिले आवश्यकतानुसार जुनसुकै वखत बोर्डको केन्द्रिय तथा शाखा, उपशाखा कार्यालयहरूको निरिक्षण तथा जाँचवुझ गर्न गराउन सक्नेछ ।

---

* पहिलो सशोधनद्धारा थप ।

(२) उपनियम (१) वमोजिम निरीक्षण तथा जाँचवुझको सिलसिलामा समितिले कैफियत देखिएका कुराहरू सुधार गर्नको लागि कार्यकारी प्रमुखलाई लिखित रुपमा आदेश दिनु पर्नेछ । यसरी दिइएको आदेशको पालना गर्नु कार्यकारी प्रमुखको कर्तव्य हुनेछ ।

२२. बरबुझारथ गर्नुपर्ने : अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूले आफू पदवाट हटेपछि आफ्नो जिम्मामा रहेका नगदी, जिन्सी वा बोर्डसँग सम्बन्धित अन्य सवै कागजपत्रहरू आफू पदवाट हटेको मितिले सात दिन भित्र सदस्य सचिव वा अधिकार प्राप्त अधिकारीलाई बुझाई सो को भरपाई लिनु पर्नेछ ।

२३. बोर्डको कार्यालय समय : बोर्डको कार्यालय समय समितिले तोकिदिए वमोजिम हुनेछ ।

<u>अनुसूचि</u>
(नियम २७ संग सम्बन्धित)
<u>शपथ ग्रहण फारामको नमूना</u>

म........................................................ ईश्वरको नाममा / सत्य निष्ठापूर्वक शपथ लिन्छु कि नेपाल पर्यटन बोर्डको सदस्य /कार्यकारी प्रमुख / कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने वुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी कोष प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी अनुशासनमा रही नेपाल पर्यटन बोर्ड ऐन, २०५३, नेपाल पर्यटन बोर्ड नियमावली, २०५५ र सो अन्तर्गत वन्ने विनियमहरूको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई वाहेक अरु कसैलाइ म आफ्नो पदमा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| <u>सपथग्रहण गर्नेको</u> | <u>शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको</u> |
| --- | --- |
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |